प्र.जि.अ.का.झापा द.नं. २६/०३९/४०
हु.जि.द.नं. : ९७/०८०/०८१

# जनज्योति

साप्ताहिक

*Janajyoti Weekly*

■ वर्षः ४५ ■ अंक : १८ ■ २०८३ भदौ ७ गते आइतबार ■ Sunday, 23 Aug. 2026 ■ मूल्य रु. ७।-

**साक्षर समाज–सक्षम राष्ट्र**

अक्षर चिन्न सक्ने हातले मात्रै आफ्नो अधिकार चिन्न सक्छ, शिक्षित नागरिकले मात्रै समाज परिवर्तन गर्न सक्छ, साक्षरता भनेको केवल पढ्न लेख्न जान्नु मात्र होइन, यो आत्मविश्वास, रोजगारी, स्वास्थ्य र स्वतन्त्रताको ढोका हो ।

**शिक्षा :**

–आत्मनिर्भर बन्नका लागि,
लैंगिक, जातीय र क्षेत्रीय समानताका लागि
–अधिकार कर्तव्य बोधका लागि,
–आर्थिक सशक्तिकरणका लागि
–रोजगारी र अवसरको लागि
–धार्मिक सहिष्णुता र सम्मानको लागि,
–स्वास्थ्य सम्बन्धी सचेतनाका लागि,
–सामाजिक विकास र समृद्ध राष्ट्रको लागि ।

नेपाल सरकार विज्ञापन बोर्ड

**नेपाल सरकार**
विज्ञापन बोर्ड

# दमकमा सञ्चालित केएचडिसी कार्यक्रमको समीक्षा

✍ खगेन्द्र कार्की



दमक । दमक नगरपालिकाले नसर्ने दीर्घरोगको प्राथमिक तहमा रोकथाम, शीघ्र निदान, उपचार तथा व्यवस्थापनका लागि सञ्चालन गर्दै आएको केएचडिसी कार्यक्रमको वार्षिक समीक्षा गरिएको छ । आर्थिक वर्ष २०८१/८२ र २०८२/८३ को उपलब्धि, वडागत अवस्था, चुनौती तथा आगामी रणनीतिमाथि शनिबार दमकको नेपाल रिका होटलमा आयोजित समीक्षा बैठकमा छलफल भएको हो ।

नगरप्रमुख रामकुमार थापाको अध्यक्षतामा भएको कार्यक्रममा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका प्रा. डा. सञ्जीवकुमार शर्मा प्रमुख अतिथि तथा प्रा. डा. अनुप घिमिरेलगायत स्वास्थ्य क्षेत्रका विज्ञ सहभागी थिए । बैठकमा तीन वर्षदेखि सञ्चालनमा रहेको कार्यक्रमले हजारौँ नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याए पनि अझै ठूलो जनसंख्या नियमित परीक्षणको दायराभन्दा बाहिर रहेको तथ्यांक प्रस्तुत गरिएको थियो ।

दमक नगरपालिका, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान र दमक अस्पतालको संयुक्त पहल तथा नगरपालिकाको आर्थिक सहयोगमा केएचडिसी कार्यक्रम दमकका १० वटै वडामा सञ्चालन हुँदै आएको छ । यसको मुख्य उद्देश्य पूर्वी नेपालमा मधुमेह, उच्च रक्तचाप, दीर्घ मिर्गौला तथा मुटुसम्बन्धी रोगबारे जनचेतना बढाउनुका साथै जोखिम पहिचान, समयमै निदान, उपचार र व्यवस्थापन गर्नु हो ।

कार्यक्रमअन्तर्गत बिरामी अस्पताल पुगेपछि मात्र उपचार गर्ने परम्पराभन्दा फरक ढंगले स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविका समुदायमै पुग्ने गरेका छन् । विशेषगरी ४० वर्षमाथिका नागरिक तथा उच्च जोखिममा रहेका व्यक्तिको परीक्षण गरी रोग वा जोखिम पहिचान गरिन्छ । स्वास्थ्य समस्या देखिए सम्बन्धित वडा स्वास्थ्य केन्द्रमा पठाइन्छ । त्यहाँ सम्भव उपचार र परामर्श दिइन्छ भने थप विशेषज्ञ सेवा आवश्यक परे दमक अस्पताल हुँदै बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठाउने गरिएको छ ।

**१६ हजारभन्दा बढीको परीक्षण**

कार्यक्रमको एकीकृत तथ्यांकअनुसार हालसम्म उच्च जोखिम समूहका १६ हजार ३ सय ९० जनाको परीक्षण गरिएको छ । त्यसमध्ये १५ हजार ७ सय ९४ जना पोजिटिभ देखिएका छन् भने ७ हजार ९ सय ५६ जना चिकित्सकको परामर्शमा पुगेका छन् ।

पहिचान भएकामध्ये २ हजार ५ सय ३६ जनामा उच्च रक्तचाप, १ हजार ७ सय ६ जनामा मधुमेह, १ सय ६५ जनामा कोरोनरी मुटुरोग, ५६ जनामा मस्तिष्कघात तथा २ सय ६ जनामा दीर्घ श्वासप्रश्वास तथा फोक्सोसम्बन्धी रोग देखिएको छ ।

नगरपालिकाले प्रत्येक स्वास्थ्य संस्थामा सातामा दुईपटक चिकित्सकबाट पहिचान, परामर्श र उपचारको व्यवस्था गरेको जनाएको छ । पाँच स्वास्थ्य संस्थामा निःशुल्क परीक्षण सेवा सञ्चालनमा छन् भने अन्य स्वास्थ्य संस्थामा पनि विस्तार गर्ने तयारी छ ।

कार्यक्रमकै विस्तारका रूपमा नगरका ११ स्थानमा सञ्चालन गरिएको विशेष नसर्ने रोग पहिचान अभियानमा २० वर्षमाथिका १ हजार २ सय ७७ जनाको परीक्षण गरिएको बाँकी ४ पेजमा ▸▸

सरकार र दुर्गा प्रसाईं समूहबीच १४ बुँदे सहमति

# आन्दोलन फिर्ता



दमक । मेडिकल व्यवसायी दुर्गा प्रसाईं नेतृत्वको राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान र सरकारबीच १४ बुँदे सहमति भएको छ । शनिबार भएको सहमतिसँगै महाअभियानले सञ्चालन गर्दै आएका धर्ना तथा आन्दोलनका सम्पूर्ण कार्यक्रम अन्त्य गर्ने भएको छ ।

विभिन्न जिल्लाबाट पैदलयात्रा गर्दै काठमाडौं उपत्यका प्रवेश गरेका महाअभियानका प्रतिनिधि ललितपुरको पुल्चोकमा धर्नामा बसेका थिए । सरकारद्वारा गठित वार्ता टोली र महाअभियानका प्रतिनिधिबीच भएको गहन छलफलपछि सहमतिपत्रमा हस्ताक्षर भएको हो । सरकारका तर्फबाट वार्ता टोली संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव लिलाधर सुवेदी र महाअभियानका तर्फबाट वार्ता समिति संयोजक विष्णु बोहोरा क्षेत्रीले सहमतिपत्रमा हस्ताक्षर गरेका छन् ।

सहमतिमा मुख्यतः बैंक तथा वित्तीय संस्थाका ऋणी, लघुवित्तका समस्या, धितो लिलाम, कालोसूची र ऋण असुली प्रक्रियासँग सम्बन्धित माग समेटिएका छन् । कालोसूचीमा परेका ऋणीको बैंक खातामा रहेको सामाजिक सुरक्षा भत्ता, औषधोपचार खर्च, निवृत्तिभरण र तलब रोक्न नपाउने व्यवस्था गर्ने सहमति भएको छ । लघुवित्त संस्थाको बाँकी ४ पेजमा ▸▸

# कोशीमा अब कर्मचारीको सरुवा अनलाइनबाटै




दमक/ कोशी प्रदेश सरकारले कर्मचारी सरुवा प्रक्रियालाई प्रविधिमैत्री र पारदर्शी बनाउन एकीकृत सरुवा व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएको छ ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सुशासन तथा प्रविधिमैत्री अभियानअन्तर्गत सामाजिक विकास मन्त्रालयले भदौ ४ गतेदेखि प्रविधि मार्फत कर्मचारी सरुवा प्रक्रिया सुरु गरेको हो । मन्त्रालयका प्रदेश सचिव विष्णुप्रसाद कोइरालाले प्रणालीमार्फत कर्मचारी सरुवाको निर्णय गर्दै यसको औपचारिक सुरुवात गरेका छन् ।

यो स्टम लागू भएसँगै कर्मचारीले सरुवाका लागि भौतिक रूपमा निवेदन बोकेर सम्बन्धित कार्यालय वा मन्त्रालय धाउनुपर्ने अवस्थाको अन्त्य हुने अपेक्षा गरिएको छ । कर्मचारीले प्रणालीमार्फत नै सरुवाका लागि अनलाइन निवेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

प्रणालीमा प्रदेश तथा स्थानीय तहका कर्मचारीको व्यक्तिगत विवरण र सेवासम्बन्धी अभिलेख सुरक्षित डिजिटल प्रोफाइलका रूपमा राखिनेछ । सरुवाको निर्णय बाँकी ४ पेजमा ▸▸

# पाँचथरमा सम्बन्ध विच्छेदका मुद्दा उच्च

पाँचथर / जिल्ला अदालतमा दर्ता भएका मुद्दामध्ये सबैभन्दा बढी मुद्दा सम्बन्ध विच्छेदका छन् । सम्बन्ध विच्छेदका मुद्दा बढ्दै जाँदा परिवार विखण्डनले समाजमा जटिल समस्या पैदा गर्ने चिन्ता सरोकारवालाले व्यक्त गरेका छन् ।

पाँचथर जिल्ला अदालतमा गत आव २०८२/०८३ मा ६०९ वटा नयाँ मुद्दा दर्ता भएकामा ३८४ वटा सम्बन्ध विच्छेदका मुद्दा रहेका थिए । सोही आवमा अदालतमा अघिल्ला आव २०८१/०८२ बाट २४६ वटा मुद्दा सरेर आएकामा ८७ वटा सम्बन्ध विच्छेदका मुद्दा रहेका थिए । यसरी एकै आवमा जिल्ला अदालतमा कूल ४७१ वटा सम्बन्ध विच्छेदका मुद्दा सुनुवाइको सूचिमा परेका थिए । जसमध्ये १६७ वटा मुद्दा मेलमिलापबाट टुङ्गिएका छन् । मेलमिलाप भएका अधिकांश मुद्दामा सम्बन्ध विच्छेद भएको पाँचथर जिल्ला अदालतका तहसिलदार एवम् सूचना अधिकारी सरस्वती नेम्बाङले जानकारी दिइन् ।

# रेबिजले ३६ पशुचौपाया मरे

दमक । रेबिज रोगको सङ्क्रमणबाट पाँचथरमा ३६ वटा पशुचौपाया मरेका छन् । सङ्क्रमण फैलन नदिन खोप कार्यक्रम निरन्तर सञ्चालन गरिएपछि स्थिति नियन्त्रणउन्मुख भएको छ ।

पाँचथरमा फिदिम नगरपालिकासहित फाल्गुनन्द, कुम्मायक, हिलिहाङ र याङवरक गाउँपालिकामा रेबिज रोगको सङ्क्रमण फैलिएको थियो । रेबिज रोग सङ्क्रमित सामुदायिक कुकुरको टोकाइबाट गाई, भैँसी, बाख्रालगायत घरपालुवा जनावर र सामुदायिक तथा घरपालुवा कुकुरमा सङ्क्रमण फैलिएको हो । जसकारण हालसम्म सानाठूला गरी ३६ वटा पशु चौपायाको मृत्यु भएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र पाँचथरका निमित्त प्रमुख निरजकुमार भट्टराईले जानकारी दिए ।

# "ब्लड बैंक" नहुँदा विरामीलाई समस्या

इलाम/ इलामसहित ताप्लेजुङ, पाँचथर जिल्लाका विरामीहरु डाइलासिसका लागि इलाम आउने गरेका छन् । तर ५० शैय्याको अस्पताल रहेको इलाम अस्पतालमा 'ब्लड बैंक' नहुँदा विरामीलाई समस्या भएको छ । वर्षौंदेखि इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुम सम्मलाई सेवा दिंदैआएको अस्पतालमा ब्लड बैंकको आवश्यक रहेको अस्पतालमा प्रमुख अमिताभ ठाकुरले बताए ।

अहिले इलाम अस्पतालमा आकस्मिकदेखि प्रसुति, विभिन्न सर्जरी सेवासहित मिर्गौलाका बिरामीको लागि डाइलासिस सेवा समेत सञ्चालन भइरहेको छ । तर, मुख्यगरी डाइलासिस गर्ने बिरामीलाई



रगत दिनु पर्ने र रगत सहज नहुँदा समस्या हुने गरेको ठाकुरको भनाइ छ । 'यहाँ विषेशज्ञ डाक्टरको सेवा छ तर, आवश्यक ब्लड बैंक छैन' ठाकुरले भने ।

ब्लड बैंक नहुँदा सम्बन्धित ग्रुपका बाँकी ४ पेजमा ▸▸

# एक वर्षमा नौ करोड बढीको सब्जी निर्यात



दमक/ भारत, बंगलादेश र अमेरिकामा गरी एक वर्षमा नौ करोड ८४ लाख १४ हजार बराबरको सागसब्जी निर्यात भएका छ । प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाले एक वर्षमा पूर्वी नाका काँकडभिट्टाबाटबाट उक्त सागसब्जी निर्यात गरेको जनाएको हो । आर्थिक वर्ष २०८२/८३ मा छ हजार ५१९ मेट्रिक टन बन्दागाभी, सिमी र हरियो खुर्सानी निर्यात भएको हो ।

बन्दागोभी छ हजार २०१ मेट्रिक टन भारत निर्यात हुँदा नौ करोड ४७ लाख ६२ हजार विदेशी मुद्रा प्राप्त भएको छ । यसैगरी, हरियो खुर्सानी एक लाख ७६ हजारको र टमाटर एक लाख १७ हजारको बङ्गलादेश निर्यात भएको हो । सोही अवधिमा २६० मेट्रिक टन सिमी अमेरिका निर्यात हुँदा पाँच लाख ९९ हजार रकम नेपाललाई प्राप्त भएको छ ।

**दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान**
**ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !**



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

**सेवामा आवद्ध डाक्टरहरु**

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

**ॐ शान्ति डेन्टल हस्पिटल**
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३–५७५९०६)

# सम्पादकीय

## ग्यास संकटको दीर्घकालीन निकास खोजौं

नेपाली भान्सामा पछिल्लो समय दोहोरो मार परेको छ । एकातिर सर्वसाधारण उपभोक्ता निरन्तरको महँगीले पिल्सिरहेका छन् भने अर्कोतर्फ खाना पकाउने मुख्य इन्धन एलपी ग्यासको असहज उपलब्धताले जनजीवन थप कष्टकर बनेको छ । पूर्ण रुपमा आयातमा निर्भर रहेको ग्यासको आपूर्ति प्रणालीमा देखिएको यो जटिलताले उपभोक्तालाई ठुलो मर्कामा पारेको छ । सरकारले आपूर्ति व्यवस्था सहज बनाउन विभिन्न प्रयासहरु गरिरहे पनि त्यसको प्रत्यक्ष लाभ सर्वसाधारणसम्म पुग्न सकेको छैन ।

यस विषम परिस्थितिप्रति सरकारको ध्यानाकर्षण हुनु र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सक्रियतामा सरोकारवाला निकायबीच समाधानका उपाय खोजी गरिनु स्वागतयोग्य छ । मुख्य सचिवको अध्यक्षतामा हालै भएको उच्चस्तरीय छलफलले समस्याको तात्कालिक निकास मात्र नभई दीर्घकालीन रणनीतिको समेत अपेक्षा गरेको छ । तर , समस्याको जरोसम्म पुगेर प्रशासनिक निगरानी र कडाइ नभएसम्म उपभोक्ताले राहत महसुस गर्न सक्ने अवस्था छैन ।

बजारमा ग्यास अभावको सूचनासँगै उपभोक्तामा फैलिएको त्रास र सोही कारण भविष्यका लागि जोहो गर्ने प्रवृत्तिले समस्यालाई थप बल्झाएको देखिन्छ । यसका अतिरिक्त, चाडपर्व र वर्षाको समयको फाइदा उठाउँदै केही व्यापारीले बढी मुनाफा कमाउने नियतले कृत्रिम अभाव सिर्जना गरेको हुनसक्ने आसंका पनि उत्तिकै बलियो छ । त्यस्तै, एक कम्पनीको सिलिन्डर अर्कोसँग साटफेर गर्न नदिने व्यापारीको संकुचित प्रवृत्तिले पनि उपभोक्तालाई अनावश्यक झन्झट दिएको छ ।

यस्तो अवस्थामा राज्यको बजार अनुगमन संयन्त्र थप सक्रिय हुनु अपरिहार्य छ । एउटै तौलका सिलिन्डरहरु सहजै साटफेर हुने वातावरण बनाउन र कृत्रिम अभाव सिर्जना गर्ने जो कोहीलाई कानुनी दायरामा ल्याउन प्रशासन कठोर बन्नुपर्छ ।

यो संकबाट पाठ सिकेर सरकार, व्यापारी र उपभोक्ता तीनै पक्षले जिम्मेवार बन्नु आवश्यक छ । ग्यासको चरम अभावमा परेका, वैकल्पिक चुलोको सुविधा नभएका र एक मात्र सिलिन्डर भएका विपन्न उपभोक्तालाई वितरण प्रणालीमा पहिलो प्राथमिकता दिनुपर्छ । सँगसँगै, हामीले आयातित इन्धनमाथिको परनिर्भरतालाई बिस्तारै अन्त्य गर्ने दीर्घकालीन नीति अँगाल्नुपर्ने बेला आएको छ ।

# पुनर्जागरण, जागरण र ट्रेडमिल



उत्तमप्रसाद भट्टराई
uttam.dmk01@gmail.com@gmail.com

**बिडम्बना, हामी बिना तथ्य/प्रमाण प्वाक्क मुख खोल्छौं । न बोलीको प्रमाण पुऱ्याउनु पर्छ, न बोली पुरा भयो भनेर समाज र मिडियालाई भन्नुपर्छ । नेता पनि त्यस्तै, जनता झन अगाडि देखिन्छन् । त्यसकारण, यहाँ न जागरणले संस्थागत रूप लिन सक्यो, न देशले प्रजातान्त्रिक यात्रा अगाडि बढाउन सक्यो ।**

मध्ययुगमा युरोप सानासाना प्रशासनिक केन्द्रमा बाँडिएको थियो । रोमन राज्य निकै शक्तिशाली थियो । उसको राजधानी कन्स्टेन्टिनोपल थियो जहाँ ग्रिक र रोमन भाषा, संस्कृति र साहित्यको अध्ययन हुन्थ्यो । छलफल, बहस जीवन्त हुन्थे । त्यहाँ विद्वान लेखक चर्चको अपार शक्ति विरूद्धमा तर्क गर्दथे । तुर्कका नेता मोहम्मद द्वितीयले सन् १४५३ मा कन्स्टेन्टिनोपलमाथि विजय प्राप्त गरे । अतः ग्रिक विद्वान त्यहाँबाट भागेर इटलीतिर लागे । विद्वानले आफ्ना साथ प्राचीन साहित्य तथा दर्शनशास्त्रका ग्रन्थ लिएर गए । इटालीमा शरण लिएका विद्वानले फ्लोरेन्समा एक अध्ययन केन्द्र स्थापना गरे । अन्य क्षेत्रमा पनि ग्रिक एवं अन्य प्राचीन साहित्यका अध्ययन हुन थाले । सबै तह र तप्काका व्यक्ति अध्ययनमा अग्रसर भए । तर्क छलफल चल्न थाले । त्यसको प्रचारप्रसार व्यापक भयो । पढ्ने, पढाउने, तर्क, छलफल गर्ने आदि विधा इटालीबाट जर्मनी र जर्मनीबाट फ्रान्स सर्दै गए । त्यहाँबाट बेलायत पुगेपछि समग्र पश्चिम युरोप ज्ञानको क्षेत्रमा परिणत भयो । मध्ययुगको अध्यारो सुरूङबाट युरोपियन उज्यालो संसारमा आए । यस नयाँ परिस्थितिलाई पुनर्जागरणका नामले चिनिन्छ । जनचेतनाको स्तर बढेको देखेर कतिपय पादरी पनि ग्रिक साहित्यतर्फ आकर्षित भए । इसाई धर्माचार्यका विचार परिवर्तन हुन थालेको पाइन्छ । पोप निकोलस पञ्चमले ग्रिक साहित्य पढ्ने वातावरण मिलाए । एकातिर प्रेसबाट धमाधम पुस्तक प्रकाशित हुन थाले, भने अर्कोतिर पुस्तक पढ्नेको संख्या दिनानुदिन बढ्न गयो । यसकारण पुनर्जागरण एउटा शब्द हैन । यो एउटा ऐतिहासिक क्रान्ति थियो । प्राचीन पुस्तकमाथिको चिन्तनले युरोपमा एउटा सुनौलो प्रभाव पार्यो । सबै क्षेत्र चलायमान भए । बेलायती, फ्रेन्च, इटालियन, स्पेनिस, पोर्चुगिज, डच जनता धेरै उत्साहित भए । व्यक्तिगत क्षमता, सामूहिक एकताका कारण ज्ञान बढ्दै गयो । हर क्षेत्रमा विकासका लक्षण देखा परे । नयाँ विचार र ज्ञानले सर्वसाधारण प्रभावित भएको अवस्थामा पूनर्जागरणले सबैलाई अगाडि बढ्ने वातावरण बनायो ।

पुनर्जागरणको चर्चा नेपालका सन्दर्भमा सान्दर्भिक हुदैन । पहिले जागरण भएर विचमा सुस्ताएको अवस्थामा कुनै घटना विशेषले पुनः समाजमा प्रकासमा देखिएरूमा पुनर्जागरण वा पुर्नजन्म भन्न मिल्छ । हाम्रो समाज र देश इतिहासको कुनै खन्डमा पनि ज्ञान दर्शनका क्षेत्रमा प्रकाशमय थिएन । समाज जागृत थिएन, नेपाली समाज बन्द थियो । त्यसैले २००७ साल यता भएका सबै राजनीतिक परिवर्तनको जागरण मात्र थिए । २००७ मा नेपाल जागृत भयो । २०१७ पौष १ मा जागृत प्रजातान्त्रिक वातावरण अपहरित भयो । २०४६ मा समाजका प्रजातान्त्रिक वातावरणरूको पुनः विजारोपण भयो । २०४७ सालको संविधानले संस्थागत गऱ्यो । तर २०५२ सालदेखी राजनीतिक ग्रहणले नेपाली समाज विस्तारै अध्याँरो सुरूङतर्फ जान थालो । २०५८ र २०६१ का खग्रास ग्रहणले राजनीतिक समाज भताभुङ बनाएको इतिहास छ । पुनः प्रजातान्त्र अपहरणमा पऱ्यो । सबैतहका जनता निरास भए । तर २०६२–०६३ को जनलहरले नयाँ आशा संचार भयो । २०७२ को गणतान्त्रिक संविधानले नेपालमा नयाँ दिशाको यात्रा प्रारम्भ गरेको हो । २०७४ मा सम्पन्न तीन तहका निर्वाचनले देशलाइ अग्रगामी दिशा प्रदान गरेको थियो ।

२०७२ को संविधानले पूर्णरूपमा काम गर्न नसकेको अवस्थामा संविधान शंसोधनको चर्चा चल्नु स्वभाविक हो । र नेपाल सरकारले समयानुकूल संविधानलाई जनचाहना वमोजिम जनहितका पक्षमा दफा, उपदरूफा चलाउनु, संसोधन गर्नु स्वभाविक प्रक्रिया हो । विश्वका प्रजातान्त्रिक देशका संविधान जनरूचाहना अनुसार परिमार्जित हुँदै आएका छन् । उदारणका लागी दक्षिणको छिमेकि देश भारतलाई हेरौं । सन् कल १९५० जनवरी २६ का दिनदेखी पूर्णरूपमा लागु भएको गणतान्त्रिक भारतको संविधान १०६ पटक शंसोधन भईसकेको छ । ७६ वर्षको यात्रामा १०६ पटक संविधान शंसोधन समयानुकूल हो । संविधान जिवन्त दस्ताबेज हो र जनताको पक्षमा छ भनेर भारतीय संविधान देखाइसकेको छ । समय अनुसार यसमा परिमार्जन हुन्छ भन्ने उदाहरण भारतले देखाइ सकेको छ । अन्य प्रजातान्त्रिक मुलुकले समेत संविधान गतिशिल बस्तु हो र यसले जनताको इच्छा र समयको गति र माँग अनुसार अनुसार चल्नु पर्छ भनि इसारा गरिसकेका छन् ।

विगत केही समयदेखी संविधानका संसोधनको चर्चा चल्दै आएको अवस्थामा नेपाल सरकारले संविधान संसोधन गर्न सुझाव समिति समेत गठन गरेको छ । वातावरण सङ्लिदै जानेमा नेपाली जनता आशाबादी हुदै छन् । संविधानका कुन कुन धारा र उपधारामा संशोधन हुन्छन् । चर्चा चल्छन्, बहस हुन्छन् । विज्ञ समूहका सुझावले ठोस आकार लिनेछन् ।

नेपालमा हालको अवस्था तरल छ, शान्त छ । तर शान्त पोखरीमा पूर्वप्रधानमन्त्री सम्माननीय शेरवहादुर देउवाको नेपाल आगमन र उनका बक्तब्यले नयाँ तरङ्ग ल्याएको छ । उनले सबै मिलाइ सकेको छु भनिदिए । पोखरीका डिलमा लुकेर तरङ्ग गन्न केही अगुवा लागीसकेका छन् । देउवाका भनाइ उखान तुक्का जोडेर मिडियामा देखापर्ने नागरिक समाजका अगुवाले स्वदिलो मसला पाए । उनीहरूका तर्क झन उदेकलाग्दा छन् । उनीहरूका कुरा सुन्दा यस्तो लाग्छ की, उपचारार्थ विदेशमा रहेका देउवा र अन्य व्यक्तिका वार्तामा ती नागरिक अगुवा थिए । ती सन्देशवाहक थिए, ती विधुतीय मिडियाका अपरेटर थिए । त्यसकारण उनीहर सबै जान्दछन् । देउवाका कार्यनीति र योजना ती अगुवाले बनाइदिएका हुन् । त्यस्ता व्यक्तिलाई महत्व दिएर मिडिया सिंगारिन्छन् । तीनका काल्पनिक तर्कमा हामी रमाउँछौं र आफ्ना मत बनाउँछौं र अब ठ्याक्रूकै यस्तो हुन्छ भनेर अनुमान लगाउँछौं ।

यहि हो हाम्रो बिडम्बना, हामी बिना तथ्य/प्रमाण प्वाक्क मुख खोल्छौं । न बोलीको प्रमाण पुऱ्याउनु पर्छ, न बोली पुरा भयो भनेर समाज र मिडियालाइ भन्नु पर्छ । नेता पनि त्यस्तै, जनता झन अगाडि देखिन्छन् । त्यसकारण, यहाँ न जागरणले संस्थागत रूप लिन सक्यो, न देशले प्रजातान्त्रिक यात्रा अगाडि बढाउन सक्यो । हामी केवल ट्रेडमिलमा कुदेका छौं । जति कुदे पनि जहाँको त्यहीँ । अस्तु ।

## दमकमा आन्तरिक राजस्व कार्यालयको भवन बन्दै




दमक । दमकमा आन्तरिक राजस्व कार्यालयको आफ्नै भवन निर्माण हुने भएको छ । लामो समयदेखि भाडाको घरबाट सेवा प्रवाह गर्दै आएको उक्त कार्यालय निर्माका लागि दमक नगरपालिकाले जग्गासहित वजेट उपलब्ध गराएपछि कार्यालयको आफ्नै भवन बन्ने निश्चित भएको हो ।

दमकमा मालपोत, नापी, प्रहरी, प्रशासन, सडक विभागलगायत अधिकांश सरकारी निकाय आफ्नै भवनबाट सञ्चालन भइरहेपनि राजस्व भने लामोसमयदेखि भाडाको घरमा सञ्चालन हुदैआएको थियो । स्थायी भवनको अभाव हुदाँ कार्यालयले असहजता खेप्दै आउनुपरेको थियो ।

नगरपालिकाले दमक ७ स्थित नगरपालिकाको नाममा रहेको ७ कट्ठा जग्गामध्ये २ कट्ठा जग्गा आन्तरिक राजस्व कार्यालय दमकलाई उपलब्ध गराउने र भवन निर्माणका लागि चालु आर्थिक वर्षमा ६५ लाख रूपैयाँ बजेटसमेत विनियोजन गरेको छ । संघीय सरकारले समेत भवन निर्माणका लागि बजेट विनियोजन गरिसकेकाले अब छिट्टै ठेक्का प्रक्रियामार्फत बहुवर्षीय योजनाअन्तर्गत भवन निर्माणको काम सुरू हुने दमक नगरपालिकाका प्रमुख रामकुमार थापा बताउँछन् ।

गत भदौ २४ गते जेनजी आन्दोलनका क्रममा दमक ५ मा अवस्थित भाडाको घरमा रहेको कार्यालयमा आगजनी भएपछि अहिले भने दमक ५ स्थित भृकुटी चोक पश्चिम दिपिनी मार्गको एक घरमा कार्यालय स्थापना गरि नियमित सेवा प्रवाह भइरहेको आन्तरिक राजस्व कार्यालय दमकका प्रमुख कर अधिकृत सूर्यप्रसाद कुँवरले जानकारी दिए । त्यहाँ कार्यालयले मासिक १ लाख १० हजार रूपैया तिदैआएको छ ।

उनका अनुसार आ ँ नै भवन नहुँदा कार्यालयबाट उपलव्ध गराउदै सेवाग्राहीको काम प्रभावकारी बनाउन कठिनाइ भइरहेकाले यस्तो समस्या हटाउन स्थानीय सरकार लागेकाले पनि अव छिटटै आफनै कार्यालय बन्ने छ ।

दमकसहित गौरादह, शिवसताक्षी नगरपालिका र कमल गाउँपालिकासँगै मोरङको उर्लाबारी, पथरी, लेटाङ, कानेपोखरी र मिक्लाजुङ क्षेत्रका करदाताहरूलाई सेवा दिदै आएकोमा अव कार्यालयको आफ्नै भवन निर्माण भएपछि सेवाग्राहीलाई थप व्यवस्थित, सहज र प्रभावकारी ढंगले सेवा दिन सकिने उनको भनाई छ ।


कार्यालयबाट करदाता दर्ता, कर निर्धारण, कर संकलन, लेखापरीक्षण, कर कार्यान्वयन तथा कर अनुपालनको निगरानीसँगै करदाता सेवा, परामर्श, सहजीकरण र कर शिक्षासमेत कार्यालयले प्रदान गर्दै आएको छ ।

दैनिक ३०० देखि ४०० जनासम्म सेवाग्राही आउने कर कार्यालयले गत आर्थिक वर्षमा मात्रै १ अर्ब ६५ करोड रूपैयाँ राजस्व संकलन गर्न सफल भएको थियो ।

### सामाजिक सञ्जाल

## भद्रपुरको सेरोफेरोमा रचना रिमालको पाठः भन्छिन् भावुक भएँ






*जुन ठाउँमा म हुर्किएँ,*
*जुन माटोमा मैले सपना देखेँ,*
*जसले मेरा सपनाहरूलाई आकार दियो,*

आज त्यही भद्रपुरमा मेरो सांगीतिक यात्राको एउटा अध्याय बनेर नयाँ पुस्ताले पढ्ने कक्षा ४ को पाठ्यक्रममा समेटिएको देख्दा मन असाध्यै भावुक भएको छ ।

भद्रपुर नगरपालिकाले स्थानीय पाठ्यक्रमअन्तर्गत प्रकाशन गरेको 'भद्रपुर सेरोफेरो' पुस्तकमा मेरो सांगीतिक यात्रालाई पनि अध्ययनको विषयवस्तुका रूपमा समेटिदिनुभएको रहेछ ।

मेरो लागि यो केवल एउटा किताबमा आफ्नो नाम समेटिनु मात्र होइन। यो त मैले हुर्किएको माटोले मेरो यात्रालाई दिएको अमूल्य सम्मान हो ।

आफ्नै ठाउँले आफ्नै कर्मलाई सम्झनु, मूल्यांकन गर्नु र नयाँ पुस्तासामु परिचित गराउनु ,योभन्दा ठूलो खुसी र गौरवको अनुभूति सायद अर्को हुन सक्दैन ।

संगीतको यात्रामा मैले हिंडेका हरेक पाइला, गरेका हरेक संघर्ष र देखेका हरेक सपना पछाडि मेरो परिवार, अग्रज, गुरू, साथीभाइ, शुभेच्छुक र मलाई माया गर्ने अनगिन्ती मनहरूको साथ र आशिर्वाद छ । त्यसैले आजको यो खुसी मेरो मात्र होइन, हामी सबैको साझा खुसी हो ।

मलाई जन्म दिने मेरो माटोप्रति,
मलाई संस्कार दिने मेरो परिवारप्रति,
मेरो यात्रामा साथ दिने सम्पूर्ण अग्रज तथा सम्पूर्ण शुभेच्छुकहरूप्रति, र विशेषगरी मेरो सांगीतिक यात्रालाई आफ्नै ठाउँको इतिहास र पहिचानसँग जोडेर नयाँ पुस्तासम्म पुऱ्याउने भद्रपुर नगरपालिका परिवारप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

आज मेरो मन खुसीले भरिएको छ र आफ्नै माटोप्रति कृतज्ञताले झनै भरिएको छ । आज भद्रपुरले नै मेरो यात्रालाई नयाँ पुस्तासम्म पुऱ्याइदिएको छ । यस अविस्मरणीय सम्मानका लागि भद्रपुर नगरपालिका परिवारलाई हृदयदेखि नै धन्यवाद ।

## रविलाई छिटो प्रधानमन्त्री बन्न हर्कको आग्रह



श्रम संस्कृति पार्टीका अध्यक्ष एवं संसदीय दलका नेता हर्कराज राई (हर्क साम्पाङ) ले सत्तारूढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापतिलाई प्रधानमन्त्री बन्न आग्रह गरेका छन् ।

रास्वपाकै वरिष्ठ नेता वालेन्द्र शाह (बालेन) प्रधानमन्त्री रहेका बेला साम्पाङले सभापति लामिछानेलाई सरकार सम्हाल्न अनुरोध गरेका हुन् ।

मेयर हुँदादेखि नै बालेनको कडा आलोचक बनेका साम्पाङ अहिलेसम्म प्रधानमन्त्रीप्रति सकारात्मक हुन सकेका छैनन् ।

साम्पाङले शनिबार सामाजिक सञ्जालमार्फत भनेका छन्, 'रविजीले तुरून्तै ढिलो नगरी सरकार सम्हाल्नुपर्छ । यो सरकार रहिरहने हो भने न सुशासन हुन्छ न विकास एउटा जाबो ग्यास त ल्याएर दिन सकेको छैन अरू त उइ ।'

## प्रेम सञ्जेललाई अख्तियारको नेतृत्व दिनुपर्ने प्रवेश दाहालको माग





सामाजिक सञ्जालमा युवा नेता प्रवेश दाहालको एउटा अभिव्यक्तिले चर्चा पाएको छ । उनले भ्रष्टाचार नियन्त्रणका लागि पूर्वसहसचिव प्रेम सञ्जेलजस्ता निडर, इमानदार र कडा प्रशासकलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको नेतृत्व दिनुपर्ने धारणा व्यक्त गरेका छन् ।

दाहालले देशमा मौलाउँदै गएको भ्रष्टाचार, बिचौलियाको प्रभाव र सेटिङको अन्त्य गर्न अख्तियारको नेतृत्व सक्षम र निष्पक्ष व्यक्तिको हातमा हुनुपर्ने बताएका छन् ।

पूर्वसहसचिव प्रेम सञ्जेल सरकारी सेवामा रहँदा श्रम कार्यालय विराटनगरलगायतका निकायमा काम गर्दा कडा कार्यशैलीका कारण चर्चामा आएका थिए । भ्रष्टाचार र अनियमितताविरूद्ध उनले कडा अडान लिएको तथा सेवाग्राहीको काममा ढिलासुस्ती नगर्ने पक्षमा आफूलाई उभ्याएको उनका समर्थकहरूको दाबी छ । दाहालले सामाजिक सञ्जालमा लेखेका छन्, "अख्तियारमा भागबन्डाका आधारमा नियुक्ति गरेर भ्रष्टाचार रोकिँदैन । राज्यले साँच्चै भ्रष्टाचार नियन्त्रण गर्न चाहन्छ भने प्रेम सञ्जेलजस्ता खरो र इमानदार व्यक्तिलाई अख्तियारको नेतृत्व दिनुपर्छ ।" भ्रष्टाचार नियन्त्रणका लागि कस्तो नेतृत्व आवश्यक छ भन्ने विषयमा दाहालको यो धारणा अहिले सामाजिक सञ्जालमा बहसको विषय बनेको छ ।

# भारतीय केरा रोकिँदा नेपाली किसान उत्साहित



दमक/ भारतीय केराको अवैध आयातमा सीमा क्षेत्रमा कडाइ भएपछि सीमावर्ती क्षेत्रका व्यावसायिक किसानले उत्पादनको राम्रो मूल्य पाउन थालेका छन् ।

भारतीय केराको निर्बाध आयात हुँदा विगतमा बजारमा प्रतिस्पर्धा गर्न नसकेर घाटा व्यहोरेका किसान यस वर्ष नेपाली केराको मूल्य बढेपछि उत्साहित भएका हुन् । अहिले स्थानीय बजारमा केराको मूल्य प्रतिदर्जन ७० देखि ८० रूपैयाँसम्म पुगेको किसानले बताएका छन् ।

मर्चवारी गाउँपालिका-१ का किसान बिभाण्ड यादवले करिब ११ बिघामा जैविक विधिबाट केरा खेती गर्दै आएका छन् । उनका अनुसार अघिल्ला वर्षमा केराको मूल्य घटेर प्रतिदर्जन १५ देखि २० रूपैयाँसम्ममा बिक्री गर्नुपर्ने अवस्था थियो । कतिपय अवस्थामा बजार नपाउँदा केरासमेत बोटमै कुहिने गरेको उनले बताए ।


यद्यपि बजारमा सुधार आए पनि सिँचाइ, विद्युत् र कृषि बीमालगायत समस्या कायमै रहेको किसानको गुनासो छ । यादवले सिँचाइका लागि करिब नौ सय मिटर टाढाबाट निजी खर्चमा विद्युत तार तानेर व्यवस्था मिलाएका छन् । गाउँपालिकाले गत वर्ष मोटर र पाइप खरिदका लागि ३ लाख ५० हजार रूपैयाँ सहयोग गरे पनि चालु वर्षमा सहयोग निरन्तर हुने-नहुने निश्चित नभएको उनको भनाइ छ ।

कृषि बीमाको झन्झटिलो प्रक्रिया र दाबी भुक्तानीमा ढिलाइका कारण किसान बीमाप्रति आकर्षित हुन नसकेको यादवले बताए । हालैको हुरीबतासले करिब चार हजार केराका बोट नष्ट गरे पनि बीमाबाट क्षतिपूर्ति लिन नसकेको उनले जानकारी दिए ।

प्रतिनिधिसभा सदस्य कन्हैया बाँनियाले केरा खेतीको अनुगमन गर्दै सिँचाइ, विद्युत् र कृषि बीमाका समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाएका छन् । सीमावर्ती क्षेत्रमा नेपाली उत्पादनलाई प्रतिस्पर्धी बनाउन आयात नियन्त्रणसँगै उत्पादन लागत घटाउने र बजार सुनिश्चित गर्ने नीति आवश्यक रहेको किसानको भनाइ छ ।

## रोचक तथ्य

# गान्धीका ६ सय ८८ हस्तलिखित नोट १ करोड ७० लाख डलरमा बिक्री



एजेन्सी/ भारतीय स्वतन्त्रता आन्दोलनका नायक महात्मा गान्धीद्वारा लेखिएका ६ सय ८८ वटा हस्तलिखित नोटको संग्रह मुम्बईमा १ करोड ७० लाख अमेरिकी डलरमा बिक्री भएको छ । भारतीय ऐतिहासिक दस्तावेजका लागि लिलामीमा तिरिएको यो हालसम्मकै उच्च मूल्य भएको लिलामी कम्पनी साफ्रोनआर्टले जनाएको छ ।

साफ्रोनआर्टका अनुसार गान्धीका निकट सहयोगी तथा स्वतन्त्रता सेनानी आनन्द टी. हिरानीको परिवारले संरक्षण गर्दै आएको उक्त संग्रह लिलामीमा राखिएको थियो । हिरानीकी पत्नी विद्याको निधनपछि गान्धीले उनलाई सान्त्वना दिन ती नोटहरु लेखेका थिए ।

सन् १९४४ देखि १९४६ सम्म गान्धीले लेखेका ती हस्तलिखित सन्देशमा सत्य, ईश्वर, अहिंसा र जीवनसँग सम्बन्धित विभिन्न विषय समेटिएका छन् । ती सामग्री पछि 'अ थट फर द डे' नामक पुस्तकमा संकलन गरिएको थियो ।

"अ थट फर द डे' १ करोड ७० लाख डलरमा बिक्री भएको छ । यो भारतीय ऐतिहासिक दस्तावेजका लागि लिलामीमा तिरिएको अहिलेसम्मकै विश्व रेकर्ड हो, साफ्रोनआर्टले बिहीबार जारी गरेको वक्तव्यमा भनेको छ ।

'गान्धी : आनन्द टी. हिंगोरानीको संग्रह' नाम दिइएको लिलामीमा हस्तलिखित नोटहरु मुख्य आकर्षण थिए । संग्रहमा गान्धीले प्रयोग गर्ने पोर्टेबल चर्खा तथा चर्खा कात्ने तरिकासम्बन्धी उनका नोटहरु पनि समावेश थिए ।

साफ्रोनआर्टका सह-संस्थापक दिनेश वाजिरानीले सङ्कलले भारतीय इतिहासका महत्वपूर्ण व्यक्तित्व गान्धीलाई उनको व्यक्तिगत सम्बन्धको कोणबाट बुझ्ने अवसर दिएको बताएका छन् ।


कम्पनीका अनुसार लिलामीले गान्धीको जीवन र विरासतप्रतिको विश्वव्यापी चासो तथा भारतीय स्वतन्त्रता आन्दोलनका महत्वपूर्ण प्राथमिक स्रोत सामग्रीप्रतिको आकर्षणलाई समेत देखाएको छ ।

बेलायती शासनविरूद्ध अहिंसात्मक आन्दोलनको नेतृत्व गरेका गान्धी भारतका सबैभन्दा प्रभावशाली ऐतिहासिक व्यक्तित्वमध्ये एक मानिन्छन्। उनको अहिंसात्मक आन्दोलनले भारतबाहिर पनि नागरिक अधिकार तथा प्रतिरोधका विभिन्न अभियानलाई प्रभाव पारेको थियो ।

गान्धीको सन् १९४८ जनवरीमा हत्या भएको थियो । उनको जीवन, विचार र स्वतन्त्रता आन्दोलनसँग सम्बन्धित हस्तलिखित सामग्री तथा व्यक्तिगत वस्तुहरु अहिले पनि ऐतिहासिक तथा संग्रहणीय महत्वका सामग्रीका रूपमा विश्वभर रूचिको विषय बन्दै आएका छन् ।

## विश्व प्रसिद्ध व्यक्ति/व्यक्तित्व

# बट्रेण्ड रसेल



◆ सुमित्रा सिंह

**ब्रिटेन : विश्वविख्यात दार्शनिक**
**जन्म : सन् १८७२ मृत्यु : सन् १९७०**

यिनको जन्म १८ मे १८७२ ट्रेलेक (मानमाथशायर) इंग्ल्यान्डमा लेडी केट स्टेनलीको कोखबाट एक धनी परिवारमा भएको थियो । रसेलपरिवार इङ्ल्याण्डको राजनीतिमा सधै मौलिक विचार राख्ने परिवार भनेर चिनिन्थ्यो । यिनले चारपटक विवाह गरे । पहिलो, १८९४ मा एलीस पियरसेलसँग, दोस्रो, १९२१ मा डोरा ब्लेक, तेस्रो, १९३६ मा पेट्रिशिया विनिफ्रेडी हेलेन स्पेन्ससँग र चौथो, १९५२ मा एडिथ फिन्चसँग गरेका थिए । आफ्नो जीवनको लगभग १०० वर्षमा उनले अनेक किसिमका विश्वासहरू, सिद्धान्तहरू र मतहरूको प्रतिपादन बडो अद्भुत ढंगले गरे ।

बर्ट्रेण्ड रसेलले आफ्नो शिक्षापछि क्याम्ब्रिजमा गणितको अध्यापन-कार्य प्रारम्भ गरे । प्रथम विश्व युद्धको समयमा ब्रिटेनले त्यस युद्धमा भाग लिँदा उनले निन्दा गरे तथा मित्र राष्ट्रहरूलाई यस्तो नगर्न भने । युद्ध-विरोधी यस प्रचारको कारणले उनलाई ट्रिनिटी कलेजको सदस्यताबाट मुक्त गरियो । युद्धपछि उनी रूस गए र कार्ल मार्क्सका सिद्धान्तहरूलाई त्यहाँ लागू देखेर निकै प्रभावित भए र त्यसको समर्थक बने । उनका अनेक विचारहरू यति धेरै विलक्षण हुन्थे, जसले गर्दा उनले अनेक पटक कटु आलोचनाहरूको सामना गर्नु पर्दथ्यो ।

यी सबै कुराहरूको बावजुद उनले निकै विद्वत्तापूर्ण अनेक ग्रन्थहरूको निर्माण गरे, जसमा हिस्ट्री अफ वेस्टर्न फिलोसफी, ह्यूमन नलेज, इट्स स्कोप एण्ड लिमिट तथा द एनालिसिस अफ मेटर आदि प्रसिद्ध छन् । उनले ४० भन्दा बढी ग्रन्थहरूको रचना गरे । उनका प्रमुख कृतिहरू- १) गणित सिद्धान्तको भूमिका, २) चीनको समस्या, ३) सामाजिक पुनर्संरचनाको सिद्धान्त, ४) विवाह र नैतिक चरित्र, ५) पाश्चात्य दर्शनको इतिहास, ६) नैतिकता राजनीतिमा मानव समाज, ७) स्मृतिचित्र (आत्मकथा), ८) औद्योगिक सभ्यताका सम्भावना आदि हुन् । १९४९ मा उनलाई 'अर्डर अफ मेरिट तथा १९५० मा नोबेल पुरस्कारले सम्मानित गरियो । यसको लागि उनले ब्रिटिश प्रधानमन्त्रीको निवास-स्थान १० डाउनिङ्ग स्ट्रीटको सामुन्ने धर्ना दिए, जसले गर्दा उनलाई गिरफ्तार गरियो । रसेलको सन् फेब्रुअरी १९७०, पेरहिन्डेन ड्रेथ (मेरिओनेथ), वेल्समा ९८ वर्षको उमेरमा मृत्यु भयो । यी अभूतपूर्व दार्शनिकको देहान्तपछि बौद्धिक जगतमा भीषण शून्यता छायो ।

## स्वास्थ्य

# निरोगी बन्ने सामान्य सूत्र



दमक । रोग लागेपछि हामी मानसिक र शारीरिक रूपले गल्दै जान्छौ । थाक्दै जान्छौ । कमजोर हुन्छौं । जाँगर हराउँछ । उर्जा हराउँछ । अन्तत: आफ्नो शरीर आफैलाई बोझिलो हुन थाल्छ । आफुलाई मात्र होइन, परिवारलाई पनि बोझिलो हुन थाल्छ । त्यही कारण स्वस्थ्य जीवनका लागि अनुशासित दिनचर्याको पालना गर्नुपर्छ ।

**व्यक्तिगत प्रयास**

समयमा सुत्ने । प्रात काल अर्थात बिहान उठेर टहल्ने । व्यायाम गर्ने । दिनभर कुर्सीमा बसेर काम गर्ने व्यक्तिले बिहान शारीरिक श्रम गर्नैपर्छ । वा व्यायाम गर्नैपर्छ ।

आफ्नो पाचन तन्त्रलाई स्वस्थ्य राखेर निरोगी हुन सकिन्छ । यसका लागि सही समयमा पौष्टिक आहार लिनुपर्छ ।

खाना खानु २० मिनेट अघि पानी पिउने । खाना खाएको समयमा पानी नपिउने । खाना खएको आधा घण्टा पछि मात्र पानी पिउने ।

बाहिरी गर्मीबाट आउनसाथ चिसो पानी नपिउने । कुलर वा एसीको हावामा नबस्ने । ओझेलमा बसेर धेरै समय हावा नलिने ।

एकग्रता बढाउन र मनलाई शान्त राख्नका लागि ध्यान एवं योगको सहारा लिने । मनलाई शान्त गर्ने ।

सुत्नुअघि मनलाई शान्त राख्ने । यसका लागि ध्यान वा योग गर्न सकिन्छ । दिनभरको कुरालाई भुलेर सुत्ने अभ्यास गरौं । सुत्नुअघि कतिलाई पुस्तक पढ्दा निन्द्रा लाग्छ ।

नियमित स्वास्थ्य जाँच गरौ । खासगरी चालिस बर्षपछि नियमित स्वास्थ्य परीक्षण गराउनुपर्छ । चिकित्सको परामर्श लिनुपर्छ । औषधी नियमित रूपले सेवन गरौ । मनोरञ्जन गरौं । खुसी रहने प्रयास गरौं ।






# खानपानमा ध्यान

*जंक फूड, कोल्ड ड्रिंक र बनावटी चिनीजन्य खानेकुरा सेवन नगरौं । तारेको, भुटेको, मसलेदार खानेकुरा धेरै सेवन नगरौ । यस्तो खानेकुराले पाचन प्रणालीलाई बोझिलो बनाउँछ । राती आठ बजेभन्दा पछि संभव भएसम्म खाना खानु हुँदैन । राती हल्का भोजन गरौं । खाना पकाउनका लागि असंतृप्त भेजिटेबल तेल जस्तो कि, सोयाबिन, सन फ्लावर आदिको तेल प्रयोग गरौ । खानामा चिनी र नुनको मात्रा नियन्त्रण गरौं ।*

*ताजा सब्जी र फल सेवन गरौ । खानेकुरा सही ढंगले भण्डारण गरौं । खानामा सलाद, दुध, दही, दाल, हरियो सागपात, अन्न आदिको सन्तुलन मिलाउनुपर्छ । खाना पकाउने पानी शुद्ध हुनुपर्छ । अत्याधिक तेल वा मसलाले बनेको खानेकुरा सेवन गर्नु हुँदैन ।*

## मनोरञ्जन

# धुर्मुस सुन्तलीको हाँस्य सिरियल "म त मर्छु क्या हो" अमेरिकामा छायांकन



दमक/ चर्चित हास्य कलाकारद्वय सीताराम कट्टेल 'धुर्मुस' र कुञ्जना घिमिरे 'सुन्तली'ले अमेरिकामा नयाँ हास्य सिरियल निर्माण गरेका छन् । यहाँको नर्थ क्यारोलाइना राज्यको राले क्षेत्रलाई केन्द्र बनाएर निर्माण गरिएको सिरियलको नाम 'म त मर्छु कि क्या हो' राखिएको छ ।

निर्देशक धुर्मुसका अनुसार नर्थ क्यारोलाइनाका राले, केरी, होली स्प्रिङ्स, हाई पोइन्ट, ग्रिन्सबोरो लगायत विभिन्न स्थानमा सिरियलको छायांकन गरिएको छ । धुर्मुस सुन्तली मिडियाले निर्माण गरेको यो सिरियल हरेक साता शुक्रबार नेपाली समय साँझ ८.१५ बजे प्रसारण गर्ने तयारी गरिएको उनले जानकारी दिए ।

सिरियलमा सीताराम र कुञ्जना आफ्ना चर्चित पात्र धुर्मुस र सुन्तलीकै भूमिकामा देखिनेछन् । उनीहरुकै निर्देशनमा निर्माण भएको सिरियलमा वरिष्ठ हास्य कलाकार मोहन मिश्र समेत मुख्य भूमिकामा देखिँदैछन् । 'होस प्रसाद', 'मिस्टर फन्टुस' लगायत एक समयका लोकप्रिय हास्य कार्यक्रममा कलाकार तथा निर्देशकका रूपमा परिचित मिश्र लामो समयपछि अभिनयमा फर्किएका हुन् ।

सिरियलमा दिनेश कार्की, शंकर राज वाग्ले, संयम लामिछाने, मोनिका चौलागाँई चुडा धिमाल, धर्म भारतीलगायत कलाकारको अभिनय देख्न सकिनेछ । यही सिरियलमार्फत सीताराम र कुञ्जनाले आफ्नी छोरी सुबिहानी कट्टेललाई पनि बाल कलाकारको रूपमा डेब्यु गराएका छन् ।

राजु केसीको छायांकन रहेको सिरियलमा आशिष अविरलको गायन, प्रकाश पुञ्जको शब्द, राजेन्द्र बज्गाईंको संगीत तथा राजेन्द्र मानन्धरको सम्पादन रहेको छ ।

## दैनिक राशिफल

आज मिति
२०८३ साल
भदौ ७ गते
आइतबार
23 Aug. 2026
तिथि: एकादशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | नयाँ कामको अवसर मिल्नेछ । आर्थिक लाभ बढ्ने संकेत छ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पारिवारिक सम्बन्ध सुमधुर बन्नेछ । काममा सफलता हात लाग्नेछ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | महत्वपूर्ण निर्णयमा सावधानी । व्यवसायमा लाभ मिल्नेछ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | रोकिएका काम अघि बढ्नेछन् । स्वास्थ्यमा सुधार आउनेछ । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आत्मविश्वासले सफलता । नयाँ जिम्मेवारी प्राप्त हुनेछ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | मेहनतको राम्रो प्रतिफल मिल्नेछ । आर्थिक अवस्था बलियो बन्नेछ । |
| तुला | रा री रु रे रो ता ती तु ते | साथीबाट सहयोग प्राप्त हुनेछ । यात्राको अवसर मिल्न सक्छ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | नयाँ योजनाले गति लिनेछ । प्रेम सम्बन्धमा खुसी छाउनेछ । |
| धनु | य यो भा भी भ धा फा ढ भे | काममा नयाँ जिम्मेवारी पाइनेछ । आम्दानीका स्रोत बढ्नेछन् । |
| मकर | भो जा जी खि खू खे खो गा गी | विवादबाट टाढा रहनु राम्रो । मेहनतले सफलता दिलाउनेछ । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | नयाँ अवसर हात लाग्नेछ । सामाजिक प्रतिष्ठा बढ्नेछ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | शुभ समाचार सुन्न पाइनेछ । पारिवारिक साथ मिल्नेछ । |

# संगमको ६५ औं श्रृंखलामा सिर्जनशील रचना वाचन



दमक । साहित्यिक कार्यक्रमहरु सञ्चालन गर्दै आएको साहित्य कला सङ्गम दमकले सिर्जनशिल रचना वाचनको ६५ औं श्रृंखला शुक्रवार सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष बिन्दु दाहाल मुकदर्शकको अध्यक्षता तथा अग्रज साहित्यकार डा.खगेन्द्र प्रसाद दाहालको प्रमुख आतिथ्यतामा भएको उक्त कार्यक्रममा दमक प्रज्ञा प्रतिष्ठानका पूर्व अध्यक्ष हेमनाथ अधिकारी, साहित्य कला संगमका पूर्व अध्यक्ष नरपति पाण्डे, मिक्लाजुङ साहित्य समाजका अध्यक्ष ईन्द्र घिमिरे ,प्रतिभा निकेतनका अध्यक्ष कमलराज भट्टराई ,साहित्यकार मुक्ति तिम्सिना लगायतको बिशिष्ठ आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सिर्जनशिल रचना वाचन गरिएको थियो । यसरी रचना वाचन गर्ने साहित्यकारहरुमा साहित्यकला सङगमका उपाध्यक्षहरु यादवप्रसाद अधिकारी झापिखोले र दुर्गा खनाल काफ्ले, महासचिव ओमप्रसाद खनाल, सचिव बिरेन्द्र खड्का ,सहसचिव मेघनाथ बन्धु, कोषाध्यक्ष नेत्रप्रसाद अधिकारी, सदस्य बिबेक दुलाल क्षेत्री र सष्टाहरु किशोर खनाल, खड्गबहादुर खड्का, यादवप्रसाद नेपाल ,हरि पराजुली, गोपाल दाहाल, पदमप्रसाद ओली, भक्तादेवी दाहाल, लिलान्स भण्डारी, जगतबन्धु दहाल, त्रिलोचन उप्रेती लगायत श्रष्टाहरु रहेका छन् । कार्यक्रममा सहभागी सबै स्रष्टाहरुले पनि रचना वाचन गरेका थिए । साहित्य कला संगमका महासचिव ओमप्रसाद खनालका अनुसार संस्थाले मासिक रुपमा श्रष्टाहरुवीच सृजनशील साहित्यीक कार्यक्रम सञ्चालन गरिआएको छ ।

यसैगरि, कार्यक्रममा पहिलो पटक आउने स्रष्टाहरु भुमिका चापागाई, लक्ष्मी न्यौपाने र जयप्रसाद संग्रौलालाई खादा ओढाएर सम्मान समेत गरिएको थियो ।

**दमकमा....**थियो । परीक्षणमा २ सय २ जनामा उच्च रक्तचाप, ४ सय १ जनामा मधुमेह, १ सय १५ जनाको पिसाबमा प्रोटिन र ८ सय ५२ जनामा मोटोपन देखिएको थियो । उनीहरूलाई आवश्यक परामर्श तथा उपचारका लागि स्वास्थ्य संस्थामा पठाइएको थियो ।

**वडा ३ मा जोखिम बढी**

वडागत तथ्यांकमा वडा नम्बर ३ मा उच्च रक्तचाप र मधुमेहका बिरामीको संख्या सबैभन्दा बढी देखिएको छ । त्यहाँ ३ सय ९१ उच्च रक्तचाप र २ सय ६७ मधुमेहका बिरामी पहिचान भएका छन् ।

वडा ४ मा ३ सय ४५ उच्च रक्तचाप र २ सय २ मधुमेह, वडा ८ मा ३ सय २३ उच्च रक्तचाप र २ सय ३६ मधुमेह तथा वडा ९ मा ३ सय १४ उच्च रक्तचाप र २ सय २५ मधुमेहका बिरामी छन् ।

वडा १ मा २ सय ३८ उच्च रक्तचाप र १ सय ५६ मधुमेह, वडा २ मा २ सय ८२ र १ सय ४९ तथा वडा ५ मा २ सय ६७ र १ सय ७१ जना छन् । वडा ६ मा ८० उच्च रक्तचाप र ८१ मधुमेह, वडा ७ मा १ सय ५२ र १ सय ४ तथा वडा १० मा १ सय ४४ र १ सय १५ जना पहिचान भएका छन् ।

कार्यक्रमले शारीरिक रोगसँगै मानसिक स्वास्थ्यलाई पनि समेटेको छ । स्वास्थ्यकर्मीलाई तालिम दिएर वडाबाटै मानसिक रोगी पहिचान, उपचार तथा प्रेषण सुरु गरिएको छ । ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिक तथा 'क' वर्गका अपाङ्गता भएका ४ सय २९ जनालाई तीन-तीन महिनामा घरदैलो स्वास्थ्य सेवा दिइँदै आएको छ ।

**पहुँच विस्तार मुख्य चुनौती**

नेपालमा हुने कुल मृत्युमध्ये करिब ७१ प्रतिशत नसर्ने दीर्घरोगका कारण हुने तथ्यांक छ । मुटु तथा रक्तनलीसम्बन्धी रोग, दीर्घ श्वासप्रश्वास, क्यान्सर र मधुमेह प्रमुख मृत्युका कारण मानिन्छन् ।

विगतका अनुभवले कार्यक्रम प्रभावकारी देखिए पनि अझै ठूलो जनसंख्या परीक्षणको पहुँचबाहिर रहेकाले आगामी दिनमा सेवा विस्तार गर्नुपर्नेमा सहभागीले जोड दिएका छन् । भौगोलिक अवस्थाका कारण कतिपय नागरिक स्वास्थ्य संस्थासम्म पुग्न नसकेको भन्दै समुदायमै पुगेर परीक्षण गर्ने प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने नगरप्रमुख थापाले बताए ।

उनका अनुसार अब कार्यक्रमलाई परिमार्जन गरी सबै वडाका नागरिकलाई परीक्षणको पहुँचमा ल्याउने र आफ्नो स्वास्थ्य अवस्था थाहा पाएर ढुक्कसँग जीवनयापन गर्ने आधार तयार गर्नुपर्ने उनको जिकिर छ ।

समीक्षा बैठकमा कार्यक्रमसँग जोडिएका चिकित्सक तथा स्वास्थ्यकर्मीले सेवा सञ्चालनका क्रममा देखिएका समस्या, बिरामीको अवस्था र आगामी रणनीतिबारे अनुभव तथा सुझाव प्रस्तुत गरेका थिए ।

कार्यक्रममा दमक अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. कृष्णप्रसाद शाह, वरिष्ठ प्रशासकीय अधिकृत यज्ञराज निरौला, स्वास्थ्य शाखा प्रमुख ब्रजेश मेहता, सामाजिक विकास शाखा प्रमुख केशव प्रसाई, महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्य संस्था इन्चार्ज तथा सञ्चारकर्मी लगायतको सहभागिता थियो । कार्यक्रम स्वास्थ्य शाखाका अग्निप्रसाद चौलागाईले सञ्चालन गरेका थिए ।

**आन्दोलन...** कालोसूची तथा धितो लिलामसम्बन्धी व्यवस्था पुनरावलोकन गरी कर्जा मिनाहासम्बन्धी मागमा तथ्यांक संकलन र विश्लेषण गरेर कार्यान्वयनयोग्य विकल्प तयार गरिने भएको छ ।

परिस्थितिजन्य कारणले साँवा तथा ब्याज नियमित गर्न नसकेका ऋणीको ऋण पुनर्तालिकीकरण गर्ने व्यवस्था मिलाइनेछ । लघुवित्त संस्थाले ऋण प्रवाह गर्दा अग्रिम चेक, खाली कागज तथा तमसुक लिनेजस्ता कार्यमा निगरानी गरी त्यस्ता गतिविधि रोक्ने सहमति पनि भएको छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी समस्या र गुनासो समाधानका लागि नेपाल राष्ट्र बैंकमा अनलाइन प्रणाली तथा टोल फ्री हटलाइन सञ्चालन गर्ने सहमति भएको छ ।

बचत खातामा रहेको रकमबाट ऋण समायोजन गर्दा त्यसको विवरण सम्बन्धित ऋणीलाई उपलब्ध गराउने र अनिवार्य बचतबाहेकको रकम सदस्यले माग गरेमा उपलब्ध गराउने व्यवस्था गरिने भएको छ । लघुवित्तका सदस्य, ऋणी तथा कर्मचारीसँग सम्बन्धित समस्या समाधानका लागि अध्ययन गरी सुझाव दिन उच्चस्तरीय समिति गठन गरिनेछ । पीडित ऋणी तथा सरोकारवालासँग समेत समितिले छलफल गर्नेछ ।

ऋण असुलीका नाममा घरबाट जिन्सी सामान उठाउने, घरपकड गर्ने, गालीबेइज्जती वा अन्य गैरकानुनी कार्य भए जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न सकिने व्यवस्था प्रभावकारी बनाइनेछ । धितो लिलाम तथा मूल्यांकन प्रक्रियालाई पारदर्शी बनाउँदै लिलामको सूचना निकाल्नुअघि ऋणीलाई अनिवार्य जानकारी दिने व्यवस्था गरिने सहमति भएको छ । धितो लिलामबाट ऋण असुलीपछि रकम बढी भए ऋण चुक्ता गरी ऋणीलाई कालोसूचीबाट हटाउने कानुनी व्यवस्था मिलाइनेछ ।

त्यस्तै, ऋण असुली न्यायाधिकरणमा पुनरावेदन गर्दा लाग्ने धरौटी तथा शुल्क रकम पुनरावलोकन गरी आवश्यक कानुनी संशोधन गर्ने, ऋण प्रवाह तथा असुलीका क्रममा धितो मूल्यांकनमा देखिएका समस्या समाधान गर्न नीतिगत सुधार गर्ने सहमति भएको छ ।

विस्थापित तथा लगत लिन छुटेका वास्तविक सुकुम्बासीको पहिचान गरी स्थायी बसोबासको व्यवस्था गर्न भूमि व्यवस्थापन, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहसँग समन्वय गर्ने सहमति पनि भएको छ । साथै, राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियानले आफ्ना माग सम्बोधनका लागि गर्दै आएका धर्ना तथा आन्दोलनका कार्यक्रम सहमतिसँगै फिर्ता गरेको जनाएको छ ।

**ब्लड....** व्यक्तिलाई नै खोजी गरेर बिरामीहरुलाई रगत दिइने गरेको डाइलासिस सेवाका इन्चार्ज आदित्य पण्डितले जानकारी दिए ।

**कोशीमा...**पनि सम्बन्धित निकायले प्रणालीभित्रैबाट गर्न सक्ने र निर्णयअनुसारको सरुवा पत्र स्वचालित रूपमा तयार हुने व्यवस्था गरिएको छ ।

सरुवा भएपछि रमाना पत्रसमेत प्रणालीबाटै तयार गरी जारी गर्न सकिनेछ । कर्मचारी नयाँ कार्यालयमा पुगेपछि हाजिरीसम्बन्धी विवरण पनि प्रणालीमै अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रदेश सरकारले यो प्रविधिको प्रयोगबाट कर्मचारी सरुवामा हुने कागजी झन्झट, ढिलासुस्ती तथा व्यक्तिगत पहुँचका आधारमा हुने निर्णयलाई न्यूनीकरण गर्दै प्रशासनिक कामलाई थप पारदर्शी र व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरेको छ ।

अन्तर्राष्ट्रिय

## अमेरिका र क्यानडाबीच फेरि तनाव

एजेन्सी/ अमेरिका र क्यानडाबीच व्यापार सम्झौता गर्ने अन्तिम प्रयास असफल भएपछि दुई देशबीचको व्यापार तनाव फेरि चर्किएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले क्यानडाबाट आयात हुने करिब २० अर्ब डलर बराबरका वस्तुमा ५० प्रतिशत भन्सार लगाएपछि क्यानडाले पनि त्यसको जवाफमा समान दरमा शुल्क लगाउने घोषणा गरेको छ ।

अमेरिकाले लगाएको नयाँ शुल्क शुक्रबार मध्यरातदेखि लागू भएको हो । यसअघि दुवै पक्ष सहमतिमा पुग्ने अपेक्षा गरिएको थियो । अमेरिकी राष्ट्रपति ट्रम्पले समेत साताको सुरुआतमा क्यानडासँग सम्झौता भएको बताएका थिए । तर अन्तिम चरणमा दुवै पक्षबीचका सर्तमा सहमति जुट्न सकेन ।

क्यानडाका प्रधानमन्त्री मार्क कार्नीले वार्ता स्थगित गर्दै आफ्ना वार्ताकारलाई ओटावा फर्किन निर्देशन दिएका छन् । उनले अमेरिकी प्रस्तावमा अन्तिम समयमा गरिएका परिवर्तनहरू 'अन्यायपूर्ण र आर्थिक रूपमा अव्यावहारिक' भएको बताएका छन् ।

## झापाकी युवती जापानमा मृत फेला

*दमक / जापानको फुकुओका सहरस्थित नाकागावा नदीमा २५ वर्षीया नेपाली विद्यार्थी लक्ष्मी राजवंशी मृत फेला परेकी छन् । घटनाको अनुसन्धानका क्रममा जापान प्रहरीले पाँच जनालाई नियन्त्रणमा लिएको टोकियोस्थित नेपाली दूतावासलाई उद्धृत गर्दै झापा-३ का प्रतिनिधिसभा सदस्य प्रकाश पाठकले जानकारी दिएका छन् ।*

*जापानी सञ्चारमाध्यमका अनुसार अगस्ट १९ (भदौ ३) मा नदीमा घोप्टो परेको अवस्थामा राजवंशीको शव फेला परेको थियो । उनको अनुहार र टाउकोमा चोट देखिएको बताइएको छ । झापाको भद्रपुर नगरपालिका-७, अन्जनी मोड घर भएकी राजवंशी फुकुओका सहरको चुओ वार्डमा बस्दै आएकी थिइन् । उनी जापानमा व्यावसायिक विद्यालयमा अध्ययनरत विद्यार्थी रहेको फुकुओका प्रहरीले जनाएको छ ।*

*राजवंशी टी-सर्ट र छोटो पाइन्ट लगाएको तथा खुट्टामा जुत्ता नभएको अवस्थामा फेला परेकी थिइन् । घटनाको प्रकृति र शरीरमा देखिएको चोटका आधारमा प्रहरीले यसलाई दुर्घटना नभई हत्या भएको आशंकामा अनुसन्धान अघि बढाएको बताइएको छ ।*

*घटनाबारे जापानी प्रहरीले सूक्ष्म अनुसन्धान गरिरहेको टोकियोस्थित नेपाली दूतावासले जानकारी दिएको सांसद पाठकले बताएका छन् । उनका अनुसार प्रहरीले घटनासँग सम्बन्धित पाँच जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ ।*

*घटनापछि नेपालबाट पनि आवश्यक प्रक्रिया अघि बढाइएको छ । सांसद पाठकले परराष्ट्र मन्त्रालयमार्फत घटनाको छानबिन, दोषीमाथि कारबाही तथा राजवंशीको शव नेपाल ल्याउने प्रक्रियाका लागि सहजीकरण भइरहेको बताएका छन् ।*

## गरिमा हत्या विरोधमा झापामा र्‍याली

झापा/ बाराको जीतपुर सिमरा उपमहानगरपालिका-१ की तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या भएको विरोधमा सनिवार झापाको काँकरभिट्टामा र्‍याली भएको छ । जनचेतना महिला केन्द्रको आयोजनामा मेचीनगर नगरपालिका क्षेत्रका विभिन्न सङ्घसंस्थाका प्रतिनिधि र विद्यार्थीको सहभागिता रहेको विरोध र्‍यालीले काँकरभिट्टा बजार परिक्रमा गरेको थियो ।

र्‍यालीमा 'हत्या हिंसा बन्द गर, अन्याय अब सहिन्न, बलात्कारीलाई फाँसी दे, गरिमालाई न्याय दे' जस्ता नारा लगाइएको थियो । र्‍यालीपछि आयोजित कोणसभालाई जनचेतना केन्द्रकी संयोजक राधाप्रधान कार्की र विद्यार्थीले सम्बोधन गरेका थिए ।

मौसमी हाँस्य - व्यंग्य

## पहिला गफाडी बौलाउँछन् कि गफ सुन्न बाध्यहरू चाहिँ ?

-: व्यंग्यनारान पाँडे :-

थैट् ! गफाडी पनि कति थरिथरि थर-गोत्रका गाँठे !... एउटा गफाडी अथवा हाँकडाँकेले अध्यक्ष पद कब्जा गरेर चलाइरहेको, पार्टीको बगालमा जन्डो पार्टी भनेर चिनिने, काटीकुटी द्वापर युगको 'कबिला' चलाएर फाइदा उठाउनसम्म उठाएपछि सो पार्टीका अध्यक्ष (मालिक ?)-ले र उनका ठीक मुन्तिरका अथवा मातहती दोस्रा दर्जादेखि तल-तल अथवा बालुवाटार-सिंहदरवारमा पहूँच हाँकिसकेकादेखि देशका वार्ड-वार्डसम्मका दर्ज्यानी नेता-अगुवाहरूलाई झ्याइँकुटी खेलाइरहेका छन् । यद्यपि त्यो त एउटा मान्छेको हुकुमी-पीडाको कुरो मात्र हो र उसैका हाल 'आवारा'-को 'ट्याग्' लागेका र तिनका गोहो पछ्याउने दर्ज्यानी झोले-गुइँठेहरूले मात्र बेहारिरहेको कुरो हो । तर, हामीले त त्यस्तै किसिमथरिका घमण्डी, अहंकारी, फटिचर, लोक्ते, लम्फु, डेढ अक्कली, फुइँबाज, धतुरे , दोमुखे, सन्काहा, साइँदुवा, गाढे-च्याने, हर्रामी, कपटी, लम्पट, ढँटुवा, पढ्के, लोभी-पापी, हनुमाने, झोले, गणेश चक्करे, पुच्छरे, बखेडे, गेजु-गुल्चे, अरिमठे, अचाढू, उरन्ठ्यौलो, कौडे-कन्दने आदि-इत्यादि किसिमथरिका मनुवाहरूका कुनै न कुनै किसिमको प्रकोप भोगिरहेका छौं । हामी भनेको को भनेको ? भन्नु होला फेरि !...यो संघीय लोकतान्त्रिक गणतन्त्रको लागि, तलब-भत्ता हसुर्न पाउने गरी, लाखौं वयस्क नेपाली नागरिकले मतदान गरेर अगुवा बनाई 'संविधानसभा सदस्य'-को चुनावमा जिताइदिएका ५९७ जनाले जम्मा २०३१ दिन (५ वर्ष ६ महिना २६ दिन)-को तलब-भत्ता डकार्दै जम्मा ३२८ दिन मात्र काम गरेर बनाएको संविधान र त्यही संविधानले नै 'सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा निहीत' भनिइएका 'हामी' मेचीदेखि महाकालीसम्मका पुस्तौंदखि बसिआएका मौलिक नेपाली नागरिक क्या त ! तर, संविधानको किताबमा मात्र त्यस्तो उच्च स्थान छ हाम्रो ! तर, वास्तवमा राज्यशक्तिका 'वीर मशाने'-हरू चाहिँ हामीलाई 'जनता' भन्छन् र हेपिने, छलिने, ढाँटिने, डाँटिने, जिल्ल्याइने, फुस्ल्याइने, हप्काइने ठाउँमा राखिइएका छौं । त्यसो हुँदा हामीलाई वा हामीमध्ये कोही एकजनालाई अनेक प्रकारका थुतुनेमध्ये एक न एकले पालैसान्ती झर्को लाग्ने गरी ढ्वाँस पिट्तै भलुभुत्ते गफ हाँकेर हैरान गर्छ भने, यो समयमा, त्यसलाई महत्व दिएर किन बखान लाइरहनु र ? तैपनि, एकपछि अर्को उस्तै उस्ता बकमफुसे स्वाँठहरूले पाँडेलाई निसाना किन बनाइरहेका छन् भन्नै कुरा चाहिँ यसको चित्तले पचाउन सकेको छैन ! ......

गएको आइतवारभन्दा अघिल्लो चाहिँ आइतवारसम्म छिमेकी टोलको हरिराम बाजे नामक नम्बरी पाइदुरेले मातेर लुब्रुक-लुब्रुक आउँदै कान थोत्रो हुने गन्थनले पाँडेलाई खप्नु-खानु गर्दैनथ्यो । बीचमा ऊ नआउँदा कान न्यानो भएको थियो । फेरि साउन एकतीस गते आइतवार पुरानो गफाडी ऐंसेलु झाँगे आएर दुई-तीन घन्टा आफ्नो मनचिन्ते हावा हाँकेर पाँडेको गिदी गिजोलेको थियो । लगत्तै पर्सिपल्ट अझ पुरानो ऐंठने धक्कुबाज मुसीको बाऊ टुप्लुक्क आइपुग्दै धमाधम भन्यो -"खोइ हओ यो 'बउमुखे पर्तिबा' गरिखान र सो-उक्त पर्तिबाले आफ्नु धर्म निर्बा गर्दाको अन्नुभौ आँफइँ सर्सरी मूल्लेङकन गर्दा त अबको भबिसेकमा यो पढ्के गरीप देशाँ मेरो जैसो बउमुखे पर्तिबा खेलिखाने कोइ पनि नभओस् पो भन्ठान्न थालें हउ मैले त !"

खास नाम ठकप्रसाद गोतामे भए पनि यतातिर यो नामले उसलाई कमै चिनिन्छ र सबैले जानेको सजिलो नाम 'मुसीको बाऊ' भएको मान्छे यो झन ! पहाडको उसको गाउँको दुई कार्यकाल 'उप' हुँदा, पसिनामा मात्र काङरेस र कमिनिस्ट गनाउने कसैको लागि पनि काउछो समान थियो अरे यो मान्छे । त्यति मात्र होइन, कुनै काङरेस वा कमिनिस्टको मितबाऊको ससुराकी फूपाजुका छोरोको जेठान र सालोका छाराछोरीसम्मको नाता केलाएर पानीखेदो गर्ने गर्थ्यो अरे । र, जोकोहीसँग गफ लडाउँदा भन्ने गर्थ्यो अरे -"हेर्लाऊ न, एसबाजी चइँ एस गाउँको च्याम्पेन 'उप' भन्-र मेरो नाम सिरिपान सर्खार मउसुपबड मुल्लेङकित भइबक्सेर 'गोर्खा दखिन बाऊ'-को गोदबा मलाई नै बस्सिने सिउरली छ ।" उसबेला पहाडी गाउँमा यस्ता काइते-कन्दनेको उच्च मूल्यांकन हुने गर्थ्यो पनि अरे । तर, मुसीको बाऊले दुई कार्यकाल उपप्रधान पञ्च छिर्लिप्पै सकिँदा पनि गोदबा नपाएपछि रक्सी र गाँजा बेस्सरी खान थालेछ अनि दिनहुँ जसो गाउँ पञ्चायतमा गएर कचेडा गर्न थालेछ । केही नलागेपछि प्रहरीमा उजुरी परेछ र प्रहरीले पक्रेर तुरुङ्मा हालेछ अनि थलापर्ने गरी 'गोदबा'-को सट्टा 'गोदाइ' भेटेपछि मधेश भासिन बाध्य भएको सत्य-कथा समेत पाँडेले सुनेको थियो ।

ऊ भनिरहेको थियो -"मेरो अन्नुभौ बम्जिम म जत्तिको गइन्न बउमुखे पर्तिबा हुने मान्छेलाई, नढाँटी बइन् गर्ने हो भने, टट्टी लाग्दा समेत धित मरुन्ज्याल कन्दै टट्टी बस्न भ्याइओस् न पेसाब नै ढुक्कसँग निखार्न भ्याइओस् ! कुदेको छ - कुदेको छ, हत्तु हइरान साला ! साइत्तिकहर्का कबित् कम्पेटिसन हुने भो - मैले नै नपुगी हुँदैन । पत्रकार गर्नेहर्ले बिग्याँब्ती पास गर्न बइठकको लागि मिटिन गर्ने पोर्गाम बनाएसि मैलाई हारदिक्क उपस्तिथिका लागि रिकोएस् गर्छन् । मैले पुगेर बिग्याँब्तीको खेस्रा डाफ् लेखेर मुचुल्का नकोर्दि हुँदैन । अच्कलका केटाहेरू पत्रकार गर्न रहर गर्छन् नि गर्न त बिचाराहेरू, भाका र लहे मिलेको थेउरीमा लिखितम् मिलाउने ढंग छैन, सिक्ने होइनन् ! औटोरेक्सा, मट्टर र बस कुदाउन रङ्गढङ्ग नभ'र र 'मापसे' घिचेर टुन्नाराम 'तेस्सिमाललाने' भ'का मान्छेले गुर्जी गरेसि टाफिख प्रीले कसरी कन्टोल गरून् ? झाप्पैमा मात्तै साहुन मैनामा मात्तै पन्चानब्बइ ओटा दुर्गटना भ'छ र चउद जाना सइद भ'छन् अनि नउँ जाना हस्पिटालहेरूमा सिरेसली भ'र अइँ-अइँ र उइँ-उइँ गर्दै बटारिँदै बाँचिराख्या छन् भन्ने मैले इन्फोरमिसन पाइराँछु र एउटा तेसको रेकथामको अबिमुखीकर्न गर्ने समारो अलि राम्रो हुटेलमा नभई भ'न भन्ने खब्बर दिरछु सन्बन्दित ठाममा । तेहाँ पनि मैले टाफिक न्याम र अइन्-कानको पर्बच्चन दिन पुग्नु छ ।

अब 'भद्रपुर नर्पाल्का'-लाई पनि 'उप'-को पगरी लाइदिने भन्ने सुन्दैछु । तो पनि मैले नै रहेरी नहुने सभ्जेट नै हो केरे । मेरो बिचारमा, तो नयाँ 'उपरी' गर्ने च्वाँक उधोगिक ओजनाको रेखरुपा त्याडी भएसि कसरी अघ्रगम्मन गर्ने, को-को डेलिगेसिनको बिल्ला भिरेर, उइले म पाहाडमा 'उप' भका बेला पञ्चका भाले-भाले काटमाडुँ जाने गरे झैं, गर्ने भन्ने फिक्-स गरेसि साएत मलाई नै अदच्छे बनाउलान् र याँको रुँगालो राख्लान् । यो 'उप' भन्ने जिनिस कति खत्डा छ भन्नेमा मभन्दा एस्पीरेन्ट आर्को व्याक्ति को छ त एस जिल्ला येरिआमा ? 'उप'-को अब्ठ्यारो-सब्ठ्यारो के-कसो छ नबुजी केटाहर्ले मिटिनको बइठक गरिहालेछन् । केटाहर्को अरू-अन्ने रामरमाइलो गर्ने आइटिम तेस फुर्सुतको दिनमा थेन होला र सो-उक्त सार्भजानिक भेला गरेर सो उपलच्छेमा नरपाल्काको खर्चबड दिम्सो ठन्डा-उन्डा खाने पिकनिके मज्जा भा पनि गरे अरे भन्ने सम्चार सोर्तहेरूबड मेरा कानाँ पनि परिरछ । अब छे-सात मैना त छ नि तो पाल्कामा जनताले तिरेको तिरोले 'फुपूको सराद्दे' गर्ने म्याध-अब्धी । जन्तालाई कर-तिरोको भारीमाथि सुपारी थप्ने र को-कसले भोट्टर-भोट्टर्नीमा लगनी गरेर कमाउने भविसेक हेरेका होलान् उँधेर्ले । जनताले थुक-पसिनाका थोपा जोगा'र तिरेको तिरोले मनग्गे नपुग्न थालेसि कुनै उपाए त गर्नै त पर्छ त ! एसो नगरे यो सङगीए गनतन्त्रमा के मज्जा गर्ने त ? अर्ताथ, तपइँ र ममा एइ त डिफरेन छ त । म बउमुखे पर्तिबा भकाले एस्ता-एस्ता सइएउँ सइकडउँ ट्यान्सिनको भारी छ मेरो थाप्लामा भने तपइँमा पर्तिबा नभकाले घरैमा थच्चिरन्छऊ - तातो न चिसो ! होइन्त ?

र, अब म हिने पनि । भोलि बेहारको गलगलेबड चार मइल उत्ता कोनि के बाडी भन्ने गाममा हामेरकै कैलु बेहारीको छोटे भाइ बन्बारीले खोलाको बोडिङमा अङरेजीका इङलिस कवि सेस्पिएर, बइग्यानिक आइझ्याक निउँट्यान र अम्रिकान कवि मिल्टेनका बारेमा भारु रुप्पे गोडा दसेक हज्जार दामको बन्दबसृतमा एक घन्ट पर्सिच्छेन् दिन रिक्कोस् गरिर'छ र अब घर ग'र पिर्पेर गर्नुछ , हइ त ?'...

बल्ल ऊ हिंड्यो । र, खैनी मोल्दै गइरहेतिर हेर्दै पाँडेले मनमनमा भन्यो - खै, जमाना के भयो कोनि ! गफाडी बौलाउनुभन्दा पहिला हावादारी गफ सुन्नेहरू बौलाउने हुन् कि ? कुरै पो बुझिएन त हँ !!....


ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

गंगा ट्राभल्स एण्ड टुर्स



हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०